# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु नन्दकिशोर गुप्ता र उषा गुप्ता मु.नं (०७९-CR-०१२०) फैसला मिति २०८०।१२।०७</td>
<td><u>गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको</u>।</td>
<td>आयोगको माग दावी<br>•रौतहट इशानाथ नगरपालिकाका तत्कालिन निमित्त प्रमुख प्रशासकिय अधिकृत प्रतिबादी नन्दकिशोर गुप्ताले प्रचलित कानुन बमोजिम पेस गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वभाविक देखिन जानुका साथै मनासिब कारणबिना अमिल्दो र अस्वभाविक उच्च जीवनस्तर यापन गरेको र सार्वजनिक पदको दुरुपयोग गरी रु.१,४९,९७,८६४।२० (एक करोड उनन्पचास लाख सन्तानब्बे हजार आठ सय चौसट्टी रूपैयाँ बीस पैसा) बराबरको सम्पत्ति गैरकानुनी रूपमा आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको देखिँदा निजले पदको दुरूपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति रु.१,४९,९७,८६४।२० (एक करोड उनन्पचास लाख सन्तानब्बे हजार आठ सय चौसट्टी रूपैंया बीस पैसा) बिगो कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिबानाको सजाय गरी पाउनका साथै प्रतिवादी नन्दकिशोर गुप्ताले जाँच अवधिमा गैरकानुनीरूपमा आर्जन गरेको सम्पत्ति रु.१,४९,९७,८६४।२० (एक करोड उनन्पचास लाख सन्तानब्बे हजार आठ सय चौसट्टी रूपैया बीस पैसा) मध्ये रू. ७८,५६,९३५।४३ (अठहत्तर लाख छप्पन्न हजार नौ सय पैतीस रुपैयाँ त्रिचालिस पैसा) र त्यसबाट बढे बढाएको सम्पत्ति तपसिल तालिका नं. २७ मा उल्लिखित निज प्रतिवादी नन्दकिशोर गुप्ताको तथा निजको श्रीमती उषा गुप्ताको नाममा हाल कायम रहेको आंशिक तथा पुरै स्रोत नपुगेको हिस्साको सम्पत्तिबाट भराइ पाउन र बाँकी बिगो रु.७१,४०,९२८।७७ (एकहत्तर लाख चालिस हजार नौ सय अट्ठाइस रुपैयाँ सतहत्तर पैसा) मध्ये रु.३,८९,२७०।६० निज नन्दकिशोर गुप्ताको नाममा हाल कायम रहेको तपसिल तालिका नं. २८ मा उल्लिखित विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरूका मौज्दात शेयरबाट, त्यसैगरी रु.८६,२६४।९०, निज नन्दकिशोर गुप्ता</td>
<td>फैसलाः<br>प्रतिवादीलाई सफाई गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>•प्रतिबादी नन्दकिशोर गुप्ताले जग्गा खरिद गर्दा स्रोत नपुगेको भन्ने आधारमा आय घटाउन मिल्ने नदेखिदा प्रतिबादीको जग्गा बिक्रिबाट प्राप्त आय रू ८८,४०,०००।— कायम गरी गणना कायम हुने देखियो<br>•करदाता सेवा कार्यालयको मिति २०८०।०७।१९ को पत्रबाट प्रतिबादीले जिकिर लिए बमोजिम लेखि आएको हुँदा सोही बमोजिम व्यवसायिक आय कायम हुने ।<br>•कृषि आय सम्बन्धमा प्रतिबादी नन्दकिशोर गुप्ता सगोलमा रहदाका बखत निजको अंश भागमा पर्ने आय गणना गर्नु नै न्यायोचित देखियो ।<br>•प्रतिबादीले घर बहाल नतिरेको बिषयमा कानुन बमोजिम हुने नै हुँदा घर बहाल कर नतिरेको र घर बहाल सम्झौता नरहेको भन्ने आधारमा मात्र घर बहाल आय</td>
<td>•प्रतिबादीको आय व्ययको सम्बन्धमा अनुसन्धानको क्रममा देखिएको समग्र आय ब्ययको शिर्षक निम्न बमोजिम रहेको देखिन्छ<br><u>प्रतिबादीको समष्टिगत आय ब्यय बिबरण</u>
<table>
<tr><td>क्र. स.</td><td colspan="2">आय</td><td colspan="2">ब्यय</td><td></td></tr>
<tr><td></td><td>शिर्षक</td><td>रकम</td><td>शिर्षक</td><td>रकम</td><td></td></tr>
<tr><td>१</td><td>नन्दकिशोरको पारिश्रमिक आय</td><td>४१,२७,६७८।८७</td><td>जग्गा खरिद</td><td>१,२८,४८,२९२।-</td><td></td></tr>
<tr><td>२</td><td>उषा गुप्ताको पारिश्रमिक आय</td><td>२५,१०,६७६।४५</td><td>घर निर्माण</td><td>४०,११,८२८।६३</td><td></td></tr>
<tr><td>३</td><td>बिबेक कुमार गुप्ताको पारिश्रमिक आय</td><td>२,५६,२५१।-</td><td>बित्तिय संस्थाको कर्जा भुक्तानी</td><td>२५,४३,८५९।६३</td><td></td></tr>
<tr><td>४</td><td>कृषि आय</td><td>५,७२,८०४।२७</td><td>संचयकोष भुक्तानी</td><td>१२,५०,२५८।-</td><td></td></tr>
<tr><td>५</td><td>जग्गा बिक्रिबाट आय</td><td>६८,९१,६००।-</td><td>शैक्षिक खर्च</td><td>६०,२०,८४२।-</td><td></td></tr>
<tr><td>६</td><td>कर्मचारी संचयकोषबाट ऋण सापटी</td><td>२३,४२,७९४।-</td><td>सवारी साधन खरिद</td><td>५,८९,५२०।-</td><td></td></tr>
<tr><td>७</td><td>बैंक तथा बित्तिय संस्थाबाट लिएको ऋण सापटी</td><td>१८,००,०००।-</td><td>ब्यक्तिगत सापटी भुक्तानी</td><td>७,१५,०००।-</td><td></td></tr>
<tr><td>८</td><td>शेयर बिक्रिबाट आय</td><td>रु १५,११,८७८।८५</td><td>शेयर खरिद खर्च</td><td>४०,०९,७५७।८०</td><td></td></tr>
<tr><td>९</td><td>उषाको उपदान रकम</td><td>८,४२,०९१</td><td>किराना पसल दर्ता खर्च</td><td>६,१००।-</td><td></td></tr>
<tr><td>१०</td><td>ब्यबसायिक आय</td><td>५,४०,०००।-</td><td>किराना पसल संचालन खर्च</td><td>५,००,०००।-</td><td></td></tr>
<tr><td>११</td><td>ब्यक्तिगत सापटी आय</td><td>६,५०,०००।-</td><td>आयकर चुक्ता</td><td>३९०५।०५</td><td></td></tr>
<tr><td>१२</td><td>ब्याज आय</td><td>१०,४४,४६३।-</td><td>पुंजिगत लाभकर</td><td>१,२३,०००।-</td><td></td></tr>
<tr><td colspan="2">जम्मा आय</td><td>२,३०,९०,२३७।४४</td><td>बैंक मौज्दात</td><td>२०,५८,०३९।८०</td><td></td></tr>
<tr><td></td><td colspan="2"></td><td>जम्मा रकम</td><td>३,४६,८०,४०२।-</td><td></td></tr>
<tr><td></td><td colspan="2">श्रोत नपुगेको जम्मा रकम</td><td colspan="2">१४९९७८६४।२०</td><td></td></tr>
</table>
•आरोपपत्रमा कायम गरेको आय शिर्षकहरु मध्ये प्रतिबादीले देहायका शिर्षकहरूमा विवाद नगरी स्वीकार गरी बसेको हुँदा भन्ने आधारमा देहायका शिर्षकमा सम्मानित अदालतले मान्यता दिएको देखिदा सो सम्बन्धमा थप पुनराबेदन</td>
</tr>
</table>

र निजको श्रीमती उषा गुप्ताको नाममा रहेका तपसिल तालिका नं.२९मा उल्लिखित बैंक खाताहरूमा रहेको मौज्दात रकमबाट र रु.५४,१०,७५७।२० निज नन्दकिशोर गुप्ता र निजको श्रीमती उषा गुप्तातको नाममा हाल कायम रहेको तपसिल तालिका नं. २७ मा उल्लिखित आंशिक स्रोत पुगेको हिस्साको सम्पत्ति एवं हाल कायम रहेको खरिदको समयमा खर्च वा लगानीको स्रोत पुगेको सम्पत्तिबाट र बाँकी बिगो रकम रु.१२,५४,६३६।०७ निज प्रतिवादी नन्दकिशोर गुप्ताबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १६ ग, दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. को आधारमा कानुनबमोजिम जफत गरी पाउन मागदाबी लिने र यसैगरी नन्दकिशोर गुप्ताले सार्वजनिक सेवाको पदमा रहेर आफ्नो पदको दुरूपयोग गरी भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरू निजले श्रीमती उषा गुप्ताको नाममा खरिद जग्गाहरू ,घर निर्माण तथा बैंक खाताहरूमा रकम मौज्दात लगायतमा गरिएका खर्चहरू मध्ये स्रोत पुष्टि हुन नसकेको लागत मूल्य बराबरको भागको तपशिल तालिका नं. २७ मा उल्लेखित स्रोत नखुलेको सम्पत्ति बिगो र त्यसबाट बढेबढाएको सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन ,२०१७ को दफा १६ग,दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दपा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ख बमोजिम उषा गुप्तालाई समेत प्रतिबादी कायम गरी स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाई निजको नाममा हाल कायम रहेको तपसिल तालिका नं. २७ र तालिका नं. २९ मा उल्लेखित सम्पत्तिहरू मध्येबाट बिगो जफत गरी पाउन मागदाबी लिएको अवस्था देखिन्छ ।

**अदालतको फैसला**

- बिशेष अदालतमा आरोप पत्र दायर गरिएकोमा बिशेष अदालत काठमाण्डौबाट मिति २०८०।१२।०७ मा फैसला हुँदा प्रतिबादी नन्दकिशोर गुप्ताको जाँच अवधिको जम्मा आय रू ३,०४,२४,०८६ र ब्यय रू २,८४,०८,८३५।३८ रहेको भनी प्रतिबादीहरूलाई आरोप माग दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ ।

शुन्य गणना गर्नु न्यायोचित पनि हुन सक्दैन ।

- उषा गुप्ता शिक्षिका भएको र शिक्षिकाले विद्यार्थीहरूलाई ट्युसन पठाउने जिकिर स्वभाविक नै देखिन्छ ।
- व्यक्तिले आफैले बनाएको घरमा १५ प्रतिशत ओभरहेड कस्ट र ५ प्रतिशत ठेक्का कर घटाई प्रतिबादीको घर निर्माण व्ययमा गणना गर्नु पर्ने देखियो ।

जिकिर लिन परेन ।

| सि. नं. | शीर्षक | रु. |
|---|---|---|
| १ | नन्दकिशोर गुप्ताको पारिश्रमिक आय | ४१,२७,६७८।८७ |
| २ | उषा गुप्ताको पारिश्रमिक आय | २५,१०,६७६।४५ |
| ३ | विवेक गुप्ताको पारिश्रमिक आय | २,५६,२५१।२० |
| ४ | कर्मचारी सञ्चयकोषबाट लिएको ऋण सापटी | २३,४२,७९४।– |
| ५ | बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा | १८,००,०००।– |
| ६ | व्यक्तिबाट लिएका ऋण सापटी | ५,४०,०००।– |
| ७ | उषा गुप्ताले प्राप्त गरेको उपदान | ८,४२,०९१।– |
| ८ | ब्याज आय | १०,४४,४६३।– |
| ९ | शेयर बिक्री आय | १५,११,८७८।८५ |

सम्मानित बिशेष अदालतबाट निम्न आय शिर्षकहरूमा आयोगबाट लिएको दावी भन्दा फरक आय कायम गरी फैसला भएको हुँदा निम्न आयहरूमा अदालतले लिएको आधार त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

- **जग्गा बिक्रिबाट प्राप्त आय-** प्रतिबादी नन्दकिशोर गुप्ताको जाँच अवधिमा निजले बिभिन्न जग्गा कि.नं. बेचेको मालपोतबाट प्राप्त रजिष्ट्रेशन पारित गरेको लिखतको आधारमा रू ६८,९१,६००।— बैध आय कायम गरिएको छ । प्रतिबादीले बयानको क्रममा बिक्री गरिएको लगायतको जग्गा खरिद गर्दा कृषि आय,ऋण सापटी समेतबाट खरिद गरिएको हो । कि.नं. १७९७ र किनं. ४९०५ को समेतको बिक्रि रकम समेत आय कायम गरिनु पर्छ(स.ज. २९) भन्ने जिकिर लिएको देखिन्छ ।यसरी प्रतिबादीले बयानमा कि.नं. १७९७ र ४९०५ को बिक्री आयलाई आय गणना गरिनु पर्छ भनी जिकिर लिएपनि प्रतिबादीले मौकामा बयानको क्रममा र सम्पत्ति विवरण भर्दा समेत उल्लेखित कित्ताको जिकिर लिन नसकेको र अदालतमा बयान गर्दा समेत उक्त कि.नं. उल्लेख गरेपनि उक्त कि.नं. बाट के कति आय प्राप्त गरेको भनी खुलाउन नसकेको र सम्मानित अदालतबाट समेत फैसला गर्दा उल्लेखित कि.नं. को केहि बिबेचना गरेको नदेखिदा सो सम्बन्धमा थप पुनराबेदन जिकिर लिईरहन पर्ने देखिएन ।सम्मानित अदालतबाट फैसला हुँदा खरिद स्रोत नपुगेको भन्ने आधारमा आय घटाउन नमिल्ने भनी प्रतिबादीको जग्गा बिक्रिबाट प्राप्त आय जम्मा रू ८८,४०,०००।— लाई जग्गा बिक्रिबाट भएको आय मानी फैसला भएको देखिन्छ ।सो सम्बन्धमा मिशिल संलग्न कागज प्रमाण हेर्दा प्रतिबादीको बिभिन्न रौतहट र पर्सा जिल्लाको बिभिन्न ठाउमा रहेको जग्गा बिक्री गरेका जग्गाहरू मध्ये उषा गुप्ताको नामको जिल्ला रौतहट गौर नं. पा. वडा नं. ७ को जग्गा कि.नं. ३६७२ क्ष.फ. ०-०-१५ जग्गा मिति २०७६।०३।१९ मा रू ८,००,०००।—(आठ लाख ) मा बिक्री गरेको देखिएपनि उक्त जग्गा खरिद गर्दा शत प्रतिशत स्रोत नपुगेको उक्त जग्गा खरिद गर्दा शत प्रतिशत स्रोत नपुगेको हुँदा आयमा गणना गरिएको छैन । यस्तै उषा गुप्ताको गौर ९ मा रहेको कि.नं. ८३७ को जग्गा रू १५,००,०००।—(पन्ध्रलाख) मा बिक्री गरेको देखिएको भएपनि उक्त जग्गाको खरिद गर्दा २३.४४ प्रतिशत मात्र श्रोत पुगेको सोही प्रतिशतले हुन आउने रू

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ३,५१,६००।— लाई आयमा गणना गरिएको छ । बास्तवमा बिभिन्न जाँच अवधिमा अवैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति अवैध नै हुन्छ भन्ने सामान्य सिद्धान्त नै रहेको छ ।प्रतिबादीले गैह्रकानूनी रूपमा आर्जन गरी कमाएको सम्पत्ति पछि गएर उक्त सम्पत्ति बेचबिखन गरी प्राप्त गरेको आयले गैरकानूनी रूपमा आर्जन गरी कमाएको सम्पत्तिलाई परिपुरण गर्न सक्दैन ।यदि पहिला गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पून सोही सम्पत्तिलाई बैध मानिने हो भन्ने कर्मचारीहरू भ्रष्ट्राचार गर्नमा उद्दत हुन पुग्छन । यसैले पहिला गैह्रकानूनी रूपमा आर्जन गरेको आयले पछि सो सम्पत्तिलाई बढेबढाएकोमा त्यसलाई बैध मानि गणना गरिनु भन्ने भ्रष्ट्राचार निवारण ऐन २०५९ को दफा २० को मर्म होईन । कुनै पनि सम्पत्ति बैध रुपमा आय आर्जन गरेको भन्ने नीज प्रतिबादीले प्रमाणित गर्न सक्नु पर्छ।प्रतिबादीले उल्लेखित जग्गाहरू बैध स्रोतबाट खरिद गरेको हो भनी प्रमाणबाट पुष्टि गर्न सकेको देखिदैन ।अन्य प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रतिबादीले जिकिर गरेको आधारमा मात्र आयलाई मान्याता दिन मिल्ने होईन ।<br>•सम्मानति सर्वोच्च अदालतबाट "कानुनले नै सार्वजनिक पद धारण गरको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निज उपर राखुको साथै जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रिबाट प्राप्त रकमलाई आय मात्र त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्ने" ***( ने.का. प. २०६९ अंक ५ नि.नं. ८८३२ नेपाल सरकार बि. खुमबहादुर खडका )*** भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।यस्तै स्रोत नखुलेको सम्पत्तिबाट बढे बढाएको चल अचल सम्पत्तिका सम्बन्धमा नेपाल सरकार बिरूद्द युवराज शर्मा समेत समेत भएको मुद्दामा "गैरकानुनी आर्जन गरेको भनी पर्ने भ्रष्ट्राचार मुद्दामा जाँच अवधिमा प्रतिबादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानुनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्नु सक्नु पर्ने आधारभुत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति स्वतः गैरकानुनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभुत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन । बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिदा परिणामतः त्यसको आधारभुत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सृजना हुन आउछ जुन कानुन सम्मत हुन नसक्ने (ने.का.प. २०६९अंक ५ नि.नं. ८८८६) भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।यसरी प्रतिबादीले जग्गा खरिद गर्दा बैधानिक स्रोतबाट खरिद गरेको भन्ने जिकिर लिई उक्त जिकिरलाई पुष्टि गर्न नसकेको अवस्थामा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानुनी हुने सम्मानित अदालतबाट सिद्धान्त प्रतिपादन भएको अवस्था हुँदा हुँदै गैरकानुनी आर्जन गरेको सम्पत्तिबाट बढेबढाएको सम्पत्तिलाई समेत आय कायम गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>•**ब्यबसायीक आय** — प्रतिबादीको जाँच अवधिमा करदाता सेवा कार्यालयको मिति २०७९।०४।१७ बाट प्राप्त विवरणको आधारमा रू ५,४०,०००।— कायम गरिएको छ । ।प्रतिबादीले हनुमान किराना पसलबाट बार्षिक रू २,००,०००।— प्राप्त गरेको भनी आयोगमा पेस गरेको सम्पत्ति विवरण फारम र बयानमा समेत दावी लिएको देखिन्छ । प्रतिबादीले सम्मानित अदालतमा उपस्थित भई बयान गर्दा व्यवसायिक आय मध्ये आ.ब. ०७६\०७७ सम्मको मात्र गणना गरिएको र सो पछी आ.ब.०७७\०७८ मा रू १,९६,५०४।- र आ.ब. ०७८\०७९ मा रू २,६९,३४३।- समेत गरी जम्मा रू  ४,६५,८४७।- रकम गणना गर्नु पर्छ भनी जिकिर लिएको देखिन्छ । सम्मानित अदालतबाट समेत प्रतिबादीको जिकिर अनुसार नै रू १०,०५,८४०।— लाई आय कायम गरेको छ । प्रतिबादी नन्दकिशोर गुप्ता र उषा गुप्ताले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान हनुमान किराना पसलबाट प्राप्त भएको आयको जिकिर लिन सकेको देखिदैन । आयोगमा भरको सम्पत्ति बिबरणमा बार्षिक २,००,०००।—बार्षिक आय भनी उल्लेख गरेपनि उक्त पसल कहिले सम्म सञ्चालनमा रहेको भन्ने उल्लेख गर्न सकेको देखिदैन ।प्रतिबादीको व्यवसायिक आयको सम्बन्धमा करदाता सेवा कार्यालय गौरमा यस आयोगको मिति २०७९।०४।१६ को  च.नं. ३३४९ को पत्र मार्फत श्री हनुमान किराना पसलले शुरू संचालन गरेको मिति देखि हालसम्म आयकर दाखिल गरेको विवरण खुल्ने कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू माग भएकोमा उक्त कार्यालयले मिति २०७९।०४।१७ को पत्र मार्फत यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका श्री हनुमान किराना पसल मिति २०७४।०६।०९ मा दर्ता भएदेखि हालसम्म यस कार्यलयको Integrated Tax system कम्प्युटर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रेकर्ड अनुसार व्यवसायको कारोवार बीसलाख रूपैया बढी नभएको र व्यबसायबाट प्राप्त करयोग्य आय दुईलाख रूपयाँ देखाई आय बिवरण पेश गरेको भनी आ.ब. ०७४\०७५ देखि ०७६\७७ सम्म तीन आर्थिक बर्षको विवरण पठाएको देखिन्छ । पछि मिति २०८०।०७।१९ गतेको पत्रमार्फत पूनः आ.ब. २०७७\०७८,२०७८\०७९ को समेत आय बिवरण पठाएको देखिन्छ । मिति २०७९।०४।१७ गतेका दिनसम्म प्रतिबादीले आफ्नो पसलको आ.ब. २०७७\०७८,२०७८\०७९ को आय व्ययको विवरण पेश गरी कर तिरेको देखिदैन ।भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली २०५९ को नियम ३१ को उपनियम ३ मा तोकिएको समयमा सम्पत्ति विवरण बुझाउनु पर्ने व्यबस्था गरेको छ । प्रतिबादीलाई प्रयाप्त समय दिई निज आफैले भरेको सम्पत्ति विवरणमा हनुमान किराना पसलबाट बार्षिक रू २,००,०००।—(दुई लाख ) प्राप्त भएको तथ्य उल्लेख गरेकोमा यी प्रतिबादी बिरूद्ध आरोपपत्र दायर भए पछि आफु कसूरबाट उम्मुक्ति पाउनको लागी आफुले आयोगमा बयान गरिसकेपछि मात्र गलत बिवरण भरी कर तिरेको भन्ने करदाता सेवा कार्यालयको फरक फरक मितिको पत्रबाट समेत प्रष्ट हुन आउछ । सम्मानित अदालतबाट फैसला गर्दा एउटै कार्यालयबाट फरक फरक मितिमा पठाएको प्रतिबादीको व्यवसायिक आयको विवरण के कारणले फरक पर्न गएको हो भन्ने समेत केही नबुझी अर्थात प्रतिबादीले पछि उक्त करयोग्य आय करदाता सेवा कार्यालयमा कहिले आफ्नो आयको विवरण कर सेवा कार्यालयमा बुझाई कर तिरको हो आदी इत्यादी केही नबुझी कसुरबाट बच्नको लागी सिर्जना गरिएको प्रमाणलाई आधार मानी प्रतिबादीको जिकिर बमोजिम आयको गणना गरिएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>•**कृषि आय —** आयोगबाट प्रतिबादीको आ.ब.०६८\६९ देखि आ.ब. ०७८\०७९ सम्मको कृषि आय रू ५,७२,८०४।२७ कायम गरिएको छ । प्रतिबादीले अदालतमा बयान गर्दा मिति २०५१ सालदेखि नै कृषिआय गणना हुनु पर्ने जिकिर लिई कृषि आय जम्मा रू १,३७,२५,५००।— हुने भनी जिकिर लिएको देखिन्छ सम्मानित अदालतबा फैसला हुँदा प्रतिबादीको नन्दकिशोर गुप्ताको समग्र कृषि आय रू १४,५४,८०४।२७ कायम गरेको देखिन्छ।प्रतिबादी नन्दकिशोर गुप्ताले आर्थिक बर्ष २०७१\०७२ देखि आ.ब. ०७७\०७८ सम्म प्रत्येक बर्ष निजामती किताबखानामा सम्पत्ति बिवरण भरेको देखिन्छ । यसरी उल्लेखित कृषि आय सम्बन्धमा मिशिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा प्रतिबादी निजामती कर्मचारी भएको र नीजले बार्षिक रूपमा निजामती किताबखानामा भरिएको सम्पत्ति बिवरणमा कृषिबाट प्राप्त भएको आयको सम्बन्धमा उल्लेख गर्न सकेको देखिदैन । प्रतिबादीले आयोगमा पेश गरेको सम्पत्ति बिबरणमा रू ८,४८,०००।–कृषि आय दावी लिएको देखिन्छ भने अदालतमा बयानको क्रममा कृषि आय गणना गर्नु पर्ने जिकिर लिएकोमा सम्मानित अदालतबाट समेत प्रतिबादीले लिएको जिकिर अनुसार बिगो अंकलाई कृषि आयको रूपमा मान्यता नदिएपनि प्रतिबादीको जिकिर भन्दा भिन्न विना आधार र कारण रू ८,८२,०००।– थप गरी जम्मा रू १४,५४,८०४।२७ हुने ठहर गरी फैसला भएको अवस्था देखिन्छ ।मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा समेत प्रत्यक बर्ष कृषि बाट हुने आयको सम्बन्धमा बिस्तृत रूपमा जिकिर लिन सकेको समेत देखिदैन ।सम्मानित विशेष अदालतमा उपस्थित भई बयान गर्दा कृषि आयको सम्बन्धमा जिकिर लिई सम्बन्धित नगरपालिकाको वडाको सिफारिस पेश गरेपनि उक्त आयलाई समेत अदालतबाट स्वीकार गरेको छैन । सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार बि. केशवराज गौतमको भएको मुद्दामा"बस्तुनिष्ठ आधारबिना नै हचुवाको आधारमा लिइने दावीलाई कानुनसंगत मान्न नसकिने" (ने.का.प. २०६९, अंक २, नि.नं. ८७७०) भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रतिबादी मिति २०६८।९।२२ गते छुट्टा भिन्न भएको भन्ने मिशिल संलग्न कागजबाट देखिएको र आयोगबाट कृषि बिज्ञ बद्रीप्रसाद दाहालले दिएको मिति २०६९\०५\२९ मा दिएको प्रतिबेदन एवं निजले अदालतमा गरेको बकपत्र समेतको आधारमा प्रतिबादीको मिति आ.ब. २०६८\०७९ देखि नै निज प्रतिबादीको कृषि आय रू ५,७२,८०४.२७ भएको पुष्टि भएको अवस्थामा आधार र कारणबिना हचुवाको आधारमा कृषि आय गणना गरी गरेको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रही बदरभागी रहेको छ ।<br>•**घरभाडा आयः-** प्रतिबादी नन्दकिशोर गुप्ताको घर भाडा आय सम्बन्धमा नीजले बयानको क्रममा घरबहाल सम्झौता र घरबहाल कर तिरेको प्रमाण पेश गर्न नसकेको आधारमा उक्त आयलाई आय गणना गरिएको छैन प्रतिबादीले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अदालतमा बयानको क्रममा घर भाडा आय सम्बन्धमा रू १३,५०,०००।— हुने(स.ज. २२ र ५०) मा भनी जिकिर लिएको देखिन्छ ।प्रतिबादी नन्दकिशोर गुप्ताको जाँच अवधिमा रू २०,६४,०००।– घरभाडा रहेको भनी सम्मानित अदालतबाट उक्त आयलाई प्रतिबादीको बैध आय कायम गरेको देखिन्छ । प्रतिबादी नन्दकिशोर गुप्ताले आर्थिक बर्ष २०७१\०७२ देखि आ.ब. ०७७\०७८ सम्म प्रत्येक बर्ष निजामती किताबखानामा सम्पत्ति बिवरण भरेको देखिन्छ । साथै आयोगमा गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी उजुरी परीसकेपछि समेत आयोगमा समेत आफ्नो भएको सम्पत्ति बिवरण भरेको देखिन्छ । उक्त सम्पत्ति विवरणमा प्रतिबादीले आफूले निर्माण गरेको घरबाट मासिक वा वार्षिक रूपमा यती आम्दानी हुन्छ भनी खुलाएको देखिँदैन । यदि तत्कालको अवस्थामा घर भाडा बापत आम्दानी भएको भए सम्पत्ति बिवरण भर्दा उक्त आम्दानीको विवरण उल्लेख गर्नु पर्नेमा उल्लेख गर्न सकेको देखिदैन । प्रतिबादीले आफैले पेश गरेको सम्पत्ति विवरणमा उल्लेख भएको व्यहोरा निजले बास्तबिक रूपमा पेश गरेको मानिन्छ ।प्रतिबादीले मौकामा बयान गर्दा समेत घर बहाल आयको सम्बन्धमा कुनै जिकिर लिन सकेको देखिदैन । सम्मानित बिशेष अदालतमा उपस्थित भई बयानको क्रममा घर बहालबाट आय हुने भनी जिकिर लिएको देखिन्छ तर प्रतिबादीले घर भाडामा लगाएको भन्ने प्रमाण पेश गर्न सकेको देखिदैन । प्रतिबादीले जिकिर लिएजस्तै घरलाई बहालमा लगाएको भए घर बहाल सम्झौता पेश गर्नु पर्नेमा पेश गर्न सकेको अवस्था देखिदैन भने घरबहाल कर तिरेको भनी जिकिर लिई सोको प्रमाण पेश गर्न सकेको देखिदैन । प्रतिबादीको घरभाडा आय भएको भनी जिकिर लिएकै अपुष्ट भनाईलाई नै प्रमाणको रूपमा ग्रहण गरी फैसला गर्न मिल्ने देखिदैन ।सम्मानित सर्बोच्च अदालतबाट फैसला हुँदा समेत प्रतिबादीले घरबहालबाट भएको आयको जिकिर लिने व्यक्तिले घर बहालमा दिएको सम्झौता र उक्त आय बापतको आय कर तिर्नु बुझाउनु पर्ने भनी सिद्धान्त प्रतिपादन भएको छ ।सम्मानित सर्बोच्च अदालतबाट “ काठमाण्डौ जस्तो स्थानमा पाँचवटा घर भएको र भाडाबाट अस्वभाविक र उल्लेख्य परिमाणको आय प्राप्त गरेको जिकिर लिइन्छ भने त्यसलाई व्यवसायकै रूपमा मान्नु पर्ने हुँदा मौखिक जिकीरका भरमा आय प्रदान गर्न मिल्दैन । ठुलो परिमाणमा घर भाडा प्राप्त गरेको भन्ने व्यक्तिले घर भाडा दिएको संझौता तथा कर तिरेको प्रमाण पेश गर्नु पर्ने(प्रकरण ४६) ,अपुष्ट,अतार्किक र हचुवा आधारमा गरिने कल्पनाबाट अदालत सन्तुष्ट हुन सक्तैन। बस्तुनिष्ठ आधारबिना नै हचुवाको आधारमा लिईने दावीलाई कानुनसंगत मान्न नसकिने (प्रकरण ४८),आफ्नो जिकीरलाई वस्तुपरक र कानुनले मान्यता दिएका प्रमाणबाट पुष्टि वा खण्डन गर्न तथ्ययुक्त बस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा मुद्दाका पक्षले अपुष्ट भनाई राखेकै आधारमा अदालतले पनि त्यसै गर्ने अवस्था नरहने (प्रकरण नं. ४९) ( नेपाल सरकार बि. लीलाराज गौतम ने.का.प.२०६९ अंक २ नि.नं. ८७७०) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीले ठुलो परिमाणमा घरभाडा आय दावी गरेको र उक्त घर भाडा दिएको घरको सम्झौता र कर तिरेको प्रमाण पेश गर्न नसकेको अवस्थामा मौखिक रूपमा अपुष्ट भनाई राखी आयमा गणना गरीपाउ भन्ने जिकिर लिएको आधारमा उक्त आय कायम गरेको सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको ठाडो उल्लंघन हो । साथै प्रतिबादीले निजामती किताबखानामा बार्षिक रूपमा पेश गरेको सम्पत्ति बिबरणमा र आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत घर भाडामा आय आर्जन गरेको भनी उल्लेख गरेका छैनन। कानुन बमोजिम राष्ट्रसेवकले बार्षिक रूपमा निजामती किताबखानामा पेश गर्ने सम्पत्ति बिवरणमा समेत उक्त आयलाई उल्लेख गरेको समेत नपाईदा यस्तो आयलाई मान्यता दिन कानुन विपरित हुन्छ । सम्मानित सर्वोच्च अदालतबाट “सार्बजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानुन बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ । जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन”( युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको छ । यसरी पछि सिर्जना गरिएको अपुष्ट भनाईलाई मात्र प्रमाण रूपमा ग्रहण गरी प्रतिबादीले अदालतमा घरभाडा प्राप्त आय भनी बयानमा लिएको जिकिर भन्दा बढी घर बहाल आय प्राप्त गरेको भनी घर बहाल आयलाई प्रतिबादीको बैध आय कायम गरी भएको शुरू बिशेष अदालतको फैसला स्वईच्छाचारी मनमौजी एंव कानुनतहः त्रुटिपूर्ण भई सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रही बदरभागी रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | •**छात्रबृत्ति आय-**: प्रतिबादीहरूले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा छात्रबृत्ति बापत रकम प्राप्त गरेको भनी जिकिर लिएको अवस्था देखिदैन ।प्रतिबादीले मौकामा जिकिर लिन नसकेको हुँदा आयोगबाट प्रतिबादीको जाँच अवधिमा भएको भनिएको छात्रबृति आयलाई गणना गरेको देखिदैन। । प्रतिबादीले अदालतमा उपस्थित भई छोरा बिबेक गुप्ताले कर्मचारी सन्तती छात्रबृत्ति बापत रू २,००,०००।—प्राप्त गरेको भन्ने जिकिर लिएको देखिन्छ ।सम्मानित अदालतबाट प्रतिबादीको जिकिर अनुसार नै आय कायम गरेको देखिन्छ । प्रतिबादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा र आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत उक्त आयलाई खुलाएको समेत देखिंदैन । यसरी प्रतिबादीले अदालतमा उपस्थित भई बयान गर्दा लिएको अपुष्ट बयान जिकिरलाई आधारमा मानी उक्त आय कायम गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>•**बिभिन्न भत्ता र निर्वाचन भत्ता-**: सम्मानित अदालतबाट फैसला हुँदा निर्वाचन भत्ता रू १,५५,२१२ र बिभिन्न भत्ता ६,०२,१३९।१५- प्रतिबादीले बयानको क्रममा जिकिर लिएको हुँदा उक्त रकमलाई प्रतिबादीको जाँच अवधिको आय कायम गरी फैसला भएको अवस्था रहेको छ । नेपाल सरकारले प्रत्येक निर्वाचनमा कर्मचारीलाई निर्वाचनमा खटाउदा भत्ता दिने गर्दछ । निर्वाचन गर्दा प्रत्येक कर्मचारी सम्बन्धित क्षेत्रमा खटिई जाने हुँदा उक्त स्थानमा जाँदा आउदा र निर्वाचन हुने दिनसम्म मतदान केन्द्रमा बस्नको लागी लाग्ने आवश्यक खर्च दिएर पठाएको हुन्छ । उक्त रकम कर्मचारी मतदान स्थलमा खटिदा नै खर्च हुने रकम हो र अन्य भत्ता समेत के काम प्रयोजनको लागी उक्त भत्ता उपलब्ध गराइएको हो उक्त कार्य गर्दा उक्त रकम खर्च भई जाने हुन्छ । यस्तो अवस्थामा कर्मचारीले प्राप्त गरेको उक्त रकम को ७० प्रतिशत बचत हुन्छ भनी अनुमान गर्न मिल्ने देखिदैन । यस्ता किसिमका खुद खर्च भएर जाने रकमलाई आयमा गणना गर्न मिल्दैन भनी न्यायिक सिद्धान्त समेत प्रतिपादन भएको देखिन्छ । सम्मानित सर्वोच्च अदालतबाट "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानुन र विवेकसम्मत आधार नदेखिने"( ने.का.प. २०६८ नि.नं. ८७२२ नेपाल सरकार बि. जयप्रसाद गुप्ता) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीले मौकामा कुनै जिकिर लिन नसकेको खुद खर्च भएर जाने बिबिध शिर्षक अन्तर्गतको रकमलाई समेत प्रतिबादीको बचत मानी आय कायम गर्ने गरी भएको उक्त फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रहेको छ ।<br>•**ट्युशन आय-** प्रतिबादी नन्दकिशोर गुप्ताको श्रीमती उषा गुप्ताको ट्युसन आयको सम्बन्धमा मौकामा जिकिर लिन नसकेको हुँदा आयोगले आय कायम गरेको छैन ।प्रतिबादीले उषा गुप्ताको ट्युसन आय हुने भनी रू ९,६०,०००।— लाई आयमा समाबेश हुनुपर्छ भनी अदालतमा जिकिर लिएको देखिन्छ ।सम्मानित अदालतबाट फैसला हुँदा जम्मा तलबको २०% रकम नीजको ट्युसन आय हुने भनी फैसला भएको देखिन्छ ।प्रतिबादी नन्दकिशोर गुप्ताको श्रीमती उषा गुप्ता मिति २०५४ सालदेखि प्राथमिक तहको सरकारी बिद्यालयमा कार्यरत रहेको देखिन्छ । प्रतिबादी नन्दकिशोर गुप्ताले निजामती कितावखानामा बार्षिक रूपमा भर्ने सम्पत्ति विवरणमा श्रीमतीको ट्युसन आय भनी भरेको देखिदैन । भने आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत उक्त आयको सम्बन्धमा कुनै बिबरण उल्लख गरेको देखिदैन । प्रतिबादी उषा गुप्ताले समेत मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा ट्युसनबाट के कति मासिक बार्षिक आम्दानी गर्ने गरेकी छन भन्ने खुलाएको देखिदैन ।प्रतिबादी नन्दप्रसाद गुप्ताले समेत बयानको क्रममा उक्त आम्दानी हुने भनी जिकिर समेत लिन सकेको देखिदैन ।प्रतिबादी उषा गुप्ता तराईको प्राथमिक बिद्यालयको शिक्षक र त्यसमा पनि सरकारी बिद्यालयको शिक्षक रहेको देखिन्छ । हाम्रो नेपाली समाजमा सरकारी बिद्यालयमा पढने बिद्यार्थीले टियुसन पढने भन्ने चेतना नै देखिदैन । सरकारी बिद्यालयमा पढने बिद्यार्थीले मुस्किलले स्कुलमा गई पढेर आउने गर्दछन । प्रतिबादीले जिकिर लिदा के कति बिद्यार्थीलाई बर्षको कति महिना ट्युसन पढाउने गर्दथिन मासिक प्रतिब्यक्ति के कति रकम लिएर ट्युसन पढाउने गर्दथिन सो लाई पुष्टि गर्ने कुनै आधार प्रमाण पेश गर्न सकेको देखिदैन ।यस्तो अवस्थाको हाम्रो नेपाली समाजमा २०५४ सालदेखि नै १२ महिना निरन्तर ट्युसन पढाएर आम्दानी हुने भनी तलवको २० प्रतिशत आम्दानी गरेकी होलिन भनी अनुमान गर्नु आफैमा गलत अनुमान रहेको देखिन्छ ।सम्मानित अदालतबाट कुनै पनि बिषयमा अनुमान गर्दा अनुमानयोग्य कथन हुनुपर्छ । अनुमान योग्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कथनलाई आधार लिई फैसला गर्दा मात्र न्यायोचित देखिन्छ प्रस्तुत मुद्दामा अदालतबाट गरेको अनुमान न्यायोचित र विश्वासयोग्य समेत देखिदेन ।प्रतिबादीको श्रीमती उषा गुप्ता शिक्षण पेशामा मिति २०५४ सालदेखि नै रहेको र शिक्षिकाले बिद्यार्थीहरूलाई ट्युसन पढाउने भन्ने स्वभाविक भनी तलबभत्ताको २० प्रतिशतसम्म ट्युसन आय हने भनी अनुमानको आधारमा कायम गरिएको आय त्रुटिपूर्ण देखिन्छ । सम्मानित सर्वोच्च अदालतबाट "अपुष्ट,अतार्किक र हचुवा आधारमा गरिने कल्पनाबाट अदालत सन्तुष्ट हुन सक्तैन। बस्तुनिष्ठ आधारबिना नै हचुवाको आधारमा लिईने दावीलाई कानुनसंगत मान्न नसकिने (प्रकरण ४८),आफ्नो जिकीरलाई वस्तुपरक र कानुनले मान्यता दिएका प्रमाणबाट पुष्टि वा खण्डन गर्न तथ्ययुक्त बस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा मुद्दाका पक्षले अपुष्ट भनाई राखेकै आधारमा अदालतले पनि त्यसै गर्ने अवस्था नरहने (प्रकरण नं. ४९) ( नेपाल सरकार बि. लीलाराज गौतम ने.का.प.२०६९ अंक २ नि.नं. ८७७०) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । साथै प्रतिबादीले आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत प्रतिबादीको ट्युसन आय आर्जन गरेको भनी उल्लेख गरेका छैनन। कानुन बमोजिम राष्ट्रसेवकले बार्षिक रूपमा निजामती किताबखानामा पेश गर्ने सम्पत्ति बिवरणमा समेत उक्त आयलाई उल्लेख गरेको समेत नपाईदा यस्तो आयलाई मान्यता दिन कानुन विपरित हुन्छ । सम्मानित सर्वेच्च अदालतबाट "सार्बजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानुन बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ । जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन"( युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको छ । यसरी पछि सिर्जना गरिएको अप्रमाणित मौखित रूपमा व्यक्त गरिएको कथनलाई प्रतिबादीको ट्युसन आय भएको भनी मान्यता दिई भएको शुरू बिशेष अदालतको फैसला स्वईच्छाचारी मनमौजी एंव कानुनतह त्रुटिपूर्ण भई सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रही बदरभागी रहेको छ ।<br>•**पोशाक भत्ता-** प्रतिबादी नन्दकिशोर गुप्ताले मिति २०६५ सालदेखि पोशाक भत्ता दिएको देखिदा ३० प्रतिशत कटाई रू ७३,७५०।–प्रतिबादीको पोशाक भत्ता आयलाई मान्याता दिई उक्त आयलाई जाँच अवधिको आय कायम गरको देखिन्छ बास्तबमा पोशाक भत्ता बार्षिक रूपम एक पटक निजामती कर्मचारीको लागी पोशाक खरिद गर्नको लागी उपलब्ध गराएको रकम हो । उक्त रकम प्राप्त गरेपछि निजामती कर्मचारीले एक जोर कपडा खरिद गर्दा सकिने गरी उपलब्ध गराएको छ । उक्त रकमको ७० प्रतिशत बचत हुने सम्भावना हुँदै हुँदैन । पोशाक भत्ता खर्च भएर जाने रकम हो जुन एक पटक पोशाक खरिद गरिसकेपछि उक्त रकम पनि सकिने हुँदा बचत हुन सक्दैन । यसरी खुद खर्च भएर जाने रकमलाई समेत बचत हुने रकम मानी प्रतिबादीको बैधानिक आयमा कायम गर्न मिल्ने होईन । सम्मानित सर्वोच्च अदालतबाट समेत "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानुन र विवेकसम्मत आधार नदेखिने" (ने.का.प. २०६८ नि.नं. ८७२२ नेपाल सरकार बि. जयप्रसाद गुप्ता) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी खुद खर्च जाने रकमलाई समेत आय मानी प्रतिबादीको बैध आय कायम गरी गरेको उक्त फैसला सम्मानित अदालतबाट भएको फैसलाको प्रतिकुल रहेको छ ।<br>•**सामाजिक कार्यबाट प्राप्त आय-** प्रतिबादीले अदालतमा उषा गुप्तासग बिवाह हुँदा टिकाटाला गोड्धुवामा रू ३,००,०००।– प्राप्त गरेको जिकिर लिएको देखिन्छ ।तर प्रतिबादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान र आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत उल्लेखित रकमको जिकिर लिन सकेको देखिदैन ।सम्मानित अदालतमा उपस्थित भई बयान गर्दा कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले अपुष्ट भनाई राखेको आधार लिई हचुवाको आधारमा रू १,९०,०००।– कायम गरेको देखिन्छ । सम्मानित सर्वोच्च अदालतबाट "बस्तुनिष्ठ आधारविना नै हचुवाको आधारमा लिईने दावीलाई कानूनसंगत मान्न नसकिने"(नेपाल सरकार बि. केशवराज गौतम ने.का.प.२०६९ अंक २ नि.नं. ८७७० ) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीले अपुष्ट भनाईको आधारमा उक्त आय शिर्षक लाई प्रतिबादीको बैध आय कायम गरी गरेको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त बिपरित भई बदरभागी रहेको छ ।<br>•**मोटरसाईकल बिक्रि आय-** प्रतिबादीले मिति २०७७।०१।०३ मा न.४६ प.२४ नं. को मोटरसाईकल बिक्री |

कागजबाट निजको आय रू ८५,०००।— कायम गरेको भनी दिएको प्रतिबादीले प्रत्येक बर्ष निजामती कितावखानामा भरिने सम्पत्ति बिवरण म प्रतिबादी नन्दकिशोर गुप्ताले आ.ब. ०७३\०७४ देखि आ.ब. ०७४\०७५ सम्मको सम्पत्ति विवरण भर्दा ना.४६प \२४ को मोटरसाईकल मिति २०७३ सालमा Exchange गरेको भनी भरेको देखिन्छ ।प्रतिबादीले आयोगमा भरेको सम्पत्ति विवरण फारममा समेत मोटरसाईकल बिक्रिबाट भएको आम्दानी भनी खुलाउन सकेको देखिदैन र मौकामा अनुसन्धान अधिकारी समक्ष बयानको क्रममा समेत सो उल्लेख गर्न नसकेको अवस्थामा केवल अदालतमा अपुष्ट जिकिर लिएको आधारमा उक्त आय कायम गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

- **सुजाता गुप्ताको इन्टर्नशिपबाट प्राप्त आय-**: प्रतिबादी नन्दकिशोर गुप्ताले आ.ब. ०७३\०७४ देखि आ.ब. ०७७\०७८ सम्मको सम्पत्ति विवरण भरेको देखिन्छ । साथै निज प्रतिबादीले आयोगमा १५ दिनभित्र भर्नु पर्ने १३ पाने सम्पत्ति विवरण भरी आयोगमा पेश गरेको देखिन्छ । प्रतिबादीले उक्त सम्पत्ति विवरणमा छोरी सुजाता गुप्ताले इन्टर्नशिपबाट भएको आम्दानी भनी पेश गरेको देखिदैन ।साथै प्रतिबादी नन्दकिशोर गुप्ताले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा समेत उक्त आय गरेको भन्ने जिकिर लिन सकेको देखिदैन । सुजाता गुप्ताले मिति २०७९\०२\०१ गतेबाट चितवन मेडिकल कलेजबाट ईन्टनसिप गरेको छु मासिक रू १२,५०० प्राप्त गरी रू ६२,५००।– प्राप्त गरेकी छु भनी अपुष्ट बयान गरेको देखिन्छ ।उक्त बयानलाई पुष्टि हुने गरी मौकामा कुनै प्रमाण पेश गर्न सकेको देखिदैन। सम्मानित अदालतबाट फैसला हुँदा सोही अपुष्ट बयानलाई आधार मानी गरेको फैसला त्रुटिपूर्ण रहेको छ ।
- यसरी माथि उल्लेखित बिबेचित शिर्षक अन्तर्गत प्रतिबादीको जाँच अबधिमा समग्र आय रहेको भन्ने मिशिल संलग्ग प्रमाणबाट पुष्टि भएको देखिदा सोही अनुसार आय कायम गरी फैसला गर्नु पर्नेमा फरक आय कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखिदा बदरभागी रहेको छ ।
- **ब्यय तर्फ**- आरोपपत्रमा कायम गरेको ब्यय शिर्षकहरू मध्ये देहायको शिर्षकमा प्रतिबादीले स्वीकार गरेको आधारमा सम्मानित अदालतबाट समेत स्वीकार गरी निम्न बमोजिमको रकमलाई नै व्यय कायम गरी फैसला भएको देखिदा निम्न शिर्षकहरूमा पुनराबेदन जिकिर लिईरहनु परेन ।

| सि.नं. | व्ययका शीर्षक/ विवरण | आयोगबाट कायम भएको रकम |
|---|---|---|
| १ | जग्गा खरिद | १२,४८,२९२।- |
| २ | बैंक तथा वित्तीय संस्थाबाट लिएका कर्जा भुक्तानी | २५,४३,८५९।६३ |
| ३ | कर्मचारी सञ्चयकोषबाट लिएको विशेष सापटी भुक्तानी | १२,५०,२५८।- |
| ४ | सवारी साधन खरिद खर्च | ५,८९,५२०।- |
| ५ | व्यक्तिगत सापटी भुक्तानी | ७,१५,०००।- |
| ६ | शेयर खरिद खर्च | ४०,०९,७५७।८० |
| ७ | किराना पसल दर्ता खर्च | ६,१००।- |

| | | |
|---|---|---|
| ८ | आय कर चुक्ता | ३,९,०५।०५ |
| ९ | पूजिगत लाभकर | १,२३,०००।- |

प्रतिबादीको निम्न ब्यय शिर्षकहरूको बादी नेपाल सरकारले कायम गरेको बिगो भन्दा फरक पारी सम्मानित अदालतबाट भएको फैसला निम्न आधार र कारणबाट त्रुटिपूर्ण रही बदरभागी रहेको छ।

- **घर निर्माण खर्चमा-** प्रतिबादीको समग्र जाँच अवधिमा निर्माण गरेको घरको व्यय बिशेषज्ञको मिति २०७९।१०।२३ मा दिएको प्रतिबेदनको आधारमा रू ४०,११,८२८।६३ कायम गरेको देखिन्छ ।प्रतिबेदकहरूले सम्मानित अदालतमा उपस्थित भई मौकाको प्रतिबेदन वेहोरा मिलान हुने गरी बकपत्र गरेका छन ।प्रतिबादीले उक्त घर निर्माणको जम्मा रू ६,५०,०००।– भएको भनी जिकिर लिएको देखिन्छ । सम्मानित अदालतबाट फैसला हुँदा प्रतिबेदन अनुसार घरको संरचना तर्फ जम्मा रू ३६,८६,९८२।६३ रहेकोमा सोको ठेक्का र ओभरहेड खर्च समेत २०% ले हुने रु ७,३७,३९६।- घटाउदा संरचना तर्फ जम्मा रू २९,४९,५८६।–हुने देखियो र घरको इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स सामानहरूमा पुरानो सामानको मूल्य हालको खरिद मूल्य राखिएको हुँदा त्यसतर्फको मूल्यमा रू ५०% घटाई जम्मा रू १,६२,४५०।–हुने भनी जम्मा र घर निर्माणतर्फको खर्च जम्मा रू ३१,१२,०३६ कायम हुने भनी सम्मानित अदालतबाट बिना आधार अनुमानको आधारमा प्रतिबादीले लिएको जिकिर भन्दा पनि फरक रकमलाई व्यय कायम गरी फैसला गरेको देखिन्छ । यसरी बिशेषज्ञले प्रतिबादीको घरको मुल्यांकन गरी सोही आधारमा प्रतिबेदन दिई उक्त प्रतिबेदनलाई सम्मानित अदालतमा उपस्थित भई बकपत्र गरिदिएकोलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाण ग्रहण गरी फैसला गर्नु पर्नेमा बिना आधार ब्यय कायम गरी गरेको उक्त फैसला त्रुटिपूर्ण रहेको छ ।
- **शैक्षिक खर्च-:** प्रतिबादीले शैक्षिक खर्च रू ३०,२०,८४२ राखेकोमा सो खर्च जीवन निर्वाह खर्च भित्र पर्ने भएकोले अलग खर्च राख्न नमिल्ने जिकिर लिएकोमा सम्मानित अदालतबाट समेत प्रतिबादीको जिकिर पुग्न नसक्ने भनी फैसला भएको हुँदा सो सम्बन्धमा समेत केही पुनराबेदन जिकिर लिईरहनु परेन ।
- **किराना पसल संचालन खर्च-:** आयोगबाट प्रतिबादीको जाँच अबधिमा प्रतिबादीले किराना पसल संचालन गरेको देखिदा निजको उक्त पसल संचालन खर्च रू ५,००,०००।— देखिएको हुँदा उक्त रकम लाई व्यय कायम गरिएको देखिन्छ । सम्मानित अदालतबाट प्रतिबादीले किराना पसल संचालन खर्च रू १,००,०००।— मात्र जिकिर लिएको र बादीले पसल संचालन खर्चको ठोस प्रमाण पेश गर्न सकेको देखिएन भनी फैसला भएको देखिन्छ ।प्रतिबादीले पेश गरेको मिशिल संलग्ग रहेको घरेलु तथा साना उद्योग कार्यालय रौतहट गौरको मिति २०७४।०६।०९ को च.नं. ५७२ को फर्म रजिष्ट्रेशन गरिएको प्रमाणपत्र पत्र पठाईएको पत्रमा विवेक गुप्ताको नाममा दर्ता भएको हनुमान किराना पसल को पुँजी रू ५,००,०००।— रहेको भन्ने समेत व्यहोरा उल्लेख गरी दिएको पत्रबाट देखिन्छ । साथै प्रतिबादीले आयोगमा भरेको सम्पत्ति बिवरण फारममा समेत फर्म संचालन लगानी र दर्ता गर्दा खर्च भएको कुल रकम रू ५,००,०००।— नै उल्लेख गरेको छ ।उषा गुप्ताले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा समेत हुनमान किराना पसल संचालनको लागी रू ५,००,०००।— लगानी खर्च लागेको हो (स.ज. २५) भनी बयान गरेकी छन ।प्रतिबादी नन्दकिशोर गुप्ताले अदालतमा उपस्थित भई बयान गर्दा लगानी पुँजी विवरण ठीक छ ( स.ज. ४६) भनी पसलमा सरसामान राख्न रू ५,००,०००।— लागेको भनी स्वीकार गरी बयान गरेका छन । प्रतिबादीले अदालतमा उपस्थित भई बयानमा समेत स्वीकार गरी बयान गरेको र उक्त बयानलाई मिसिल संलग्न प्रमाणबाट समेत पुष्टि भएको देखिदा देखिदै प्रतिबादीले रू १,००,०००।—जिकिर लिएको भनी आधार मानी गरेको फैसला त्रुटिपूर्ण रहेको छ । यसरी प्रतिबादीले अदालतमा स्वीकार गरी सकेको कुरालाई मिशिल संलग्न अन्य प्रमाणबाट समेत पुष्टि गरेको देखिदा देखिदै मिसिल संलग्ग प्रमाणलाई वेवास्था गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।
- **जाँच अवधिको बैंकमा भएको अन्तिम मौज्दात-:** प्रतिबादीको बिभिन्न बैंकमा रहेको खाताहरू मध्ये राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको मिति २०७९।०५।२९ गतेको च.नं. ४९० ,नेपाल बैंक लिमिटेडको मिति २०७९।०४।१३ को च.नं.

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २१८,सनराईज बैंक लिमिटेडको मिति २०७९।०४।०६ गतेको च.नं. ५४,ग्लोबल आइएमइ बैंक लिमिटेड को मिति २०७७।०४।०७ गतेको च.नं. ७८ र माछापुछ्रे बैंक लिमिटेडको मिति २०७९।०५।२६ गतेको च.नं. ५७६ को पत्रसाथ प्राप्त विवरण अनुसार नै प्रतिबादीहरू नन्दकिशोर गुप्ता,उषा गुप्ता,बिबेक गुप्ता,सुजाता गुप्ताको नाममा रहेको खातामा रहेको अन्तिम मौज्जात आरोपपत्रको तालिका नं. १३ मा उल्लेखित रू २०,५८,०३९.८० रहेको देखिई प्रतिबादीको जाँच अवधिमा उक्त रकम व्यय कायम गरी गणना गरिएको हो ।प्रतिबादीले अदातमा बयानको क्रममा बैंक मौज्दातमा रहेको रकम एकिन रूपमा उल्लेख गर्न सकेको देखिदैन। प्रतिबादीको जाँच अवधिमा स्रोत नपुगेको रकम रू १,४९,९७,८६४।२० रूपैया रहेकोमा प्रतिबादीकोहरू उषा गुप्ता,नन्दकिशोर गुप्ताको नाममा रहेको घरजग्गा,बिभिन्न कम्पनिको शेयर रकम मध्येबाट नपुग भएको बिगो रकम आरोपपत्रको तालिका नं. २९ मा प्रतिबादीको खातामा तत्कालिन अवस्थामा रहेको जम्मा बैंक मौज्दात रहेको उल्लेखित रकम २०,५८,०३९।८० मध्येबाट नन्दकिशोर गुप्ता र उषा गुप्ताको सिटिजन बैंक,सनराईज बैंक र ग्लोबल आई एमई बैंकमा रहेको ८६,२६४.९० रकम जफत प्रयोजनको लागी मात्र दावी लिईएको हो ।प्रतिबादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा आरोपपत्रको तालिका नं. १३ मा उल्लेखित रू २०,५८,०३९।८० बैक ब्यालेन्स रकमलाई अन्यथा भन्न सकेको अवस्था देखिदैन ।सम्मानित अदालतबाट फैसला गर्दा आरोपपत्रमा उल्लेखित ब्यहोरालाई गलत अर्थ लगाई आरोपपत्रको स्वीकारोक्तिका आधारमा बैंक मौज्दात रू ८६,२६४।- कायम हुने देखियो भनी आधार लिई भएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>• **अतः** माथि बिबेचित प्रतिबादीको जग्गा खरिद,घर निर्माण,बित्तिय सस्थाको कर्जा भुक्तानी,कर्मचारी संचयकोषबाट लिएको विशेष सापटी भुक्तानी,शैक्षिक खर्च,सवारी साधन खर्च,ब्यक्तिगत सापटी भुक्तानी,शेयर खरिद खर्च ,किराना पसल दर्ता खर्च,आयकर चुक्ता,पूजिगत लाभ कर,किराना पसल संचालन खर्च ,जाँचवधिको अन्तिम मौज्जात समेतबाट प्रतिबादीको समग्र ब्यय रू ३,४६,८०,४०२।- भएको पुष्टि हुँदा हुँदै मिशिल संलग्ग समग्र प्रमाणको उचित मुल्यांकन नगरी एबं सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी आयोगबाट कायम गरिएको ब्यय भन्दा कम ब्यय कायम गरी भएको फैसला बदरभागी रहेको छ<br>• यसरी माथि उल्लेखित आधार र प्रमाणबाट प्रतिबादीले आफु सरकारी सेवामा प्रबेश गरीसकेपछि जाँच अवधिसम्मको आफुसँग भएको सम्पत्तिको बैधानिक माध्यमबाट आय आर्जन गरी कमाएको सम्पत्ति हो भनी पुष्टि गर्ने प्रमाणको भार प्रतिबादीमा रहेको अर्थात नीजले आर्जित गरेको सम्पत्ति Illicit enrichment होईन भनी पुष्टि गर्ने भार प्रतिबादीको रहेकोमा प्रतिबादीले आफूले आर्जन गरेको रकम बैध हो भनी पुष्टि गर्न नसेकेको र मिशिल संलग्न कागज प्रमाणबाट प्रतिबादीले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति रहेको भन्ने देखिएको हुँदा प्रतिबादीको माथि विवेचित शिर्षक अन्तर्गतको रकम गैरकानूनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिदा आरोप माग दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदर भागी रहेको छ ।<br>• अतः माथि उल्लेखित आधार र कारण समेतबाट बिशेष अदालत काठमाण्डौले प्रतिबादी नन्दकिशोर गुप्तालाई सफाई दिने र प्रतिबादी उषा गुप्ताको नाममा रहेको सम्पत्ति जफत नगर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरी प्रतिबादी नन्दकिशोर गुप्ताले अवैध रूपमा आर्जन गरेको सम्पत्ति जफत गरीपाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |